# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/११/२४ गते शुक्रवार देखि २०६४/११/३० गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ७५ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३७१० कारोवारबाट २८ करोड ९९ लाख ४ हजार रुपैयाँ बराबरका ३ लाख ३ सय कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ११.६३ प्रतिशतले ह्रास हो । गत साता २७०९ शेयर कारोवारबाट ३२ करोड ८० लाख ६६ हजार रुपैयाँ बराबरका ३ लाख १७ हजार ८ सय कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये ‘क’ बर्गका कम्पनीहरुको मात्र २२ करोड ११ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ९०.४४ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ४१.९८ अंकले ह्रास भई अन्तिम दिन ७१४.७६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७४१.६७ | ३९८.४४ | ४११.६३ | ८१७.४७ | ११०९.२१ | १६२.०५ | ७६४.३९ | ९९१.४५ | १०८५.७२ | ७५६.७४ | १९५.६१ |
| दोस्रो | ७३४.३९ | ३९८.४४ | ४११.६३ | ८१७.४७ | १०७०.९० | १६१.७९ | ७६३.५८ | ९९२.७१ | १०६९.५४ | ७४९.०५ | १९३.८९ |
| तेस्रो | ७२४.७२ | ४१८.३४ | ४१४.२१ | ८१७.४७ | १०३७.२३ | १६०.१९ | ७६२.३० | ९९०.३७ | १०६०.९४ | ७४१.११ | १९१.७८ |
| चौथो | ७०३.४५ | ४१४.४५ | ४१४.२१ | ८१७.४७ | १०११.३७ | १६०.३२ | ७५४.४७ | ९८७.३१ | १०३१.१६ | ७२३.२८ | १८७.०० |
| पाँचौं | ६९१.१२ | ४१०.५२ | ४१४.७९ | ८१७.४७ | १०३३.३० | १५१.६६ | ७४६.०४ | ९७८.२६ | १०२५.७० | ७१४.७६ | १८४.६४ |
| परिवर्तन (अंकमा) | -५०.५५ | १२.०८ | ३.१६ | ०.०० | -७५.९१ | -१०.३९ | -१८.३५ | -१३.१९ | -६०.०२ | -४१.९८ | -१०.९७ |

‘क’ वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स १०.९७ अंकले ह्रास भई १८४.६४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ३८ लाख रुपैयाँ) का आधारमा वैंक अफ काठमाण्डौ तथा शेयर संख्या (४५ हजार कित्ता), को आधारमा नेशनल हइड्रो पावर कम्पनी र कारोवार संख्या (४५८) को आधारमा आइसिएफसी वित्तीय संस्था अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | वैंक अफ काठमाण्डू | ३३.८५ |
| २ | स्ट्याण्र्डड चाटर्ड वैंक | २८.६० |
| ३ | नविल वैंक | १९.९३ |
| ४ | कुमारी वैंक | १६.९३ |
| ५ | नेपाल शेयर मार्केट एण्ड फाइनान्स | १५.१३ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएको छैन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ महालक्ष्मी फाइनान्सको १,४०,००० कित्ता वोनस शेयर, पिपल्स फाइनान्सको १,७६,०५९ कित्ता हकप्रद शेयर तथा श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स लि. को १,१२,००० कित्ता वोनस शेयर सूचिकृत भएको छ ।